नेपाल सरकार

गृह मन्त्रालय

जिल्ला प्रशासन कार्यालय,पर्सा

प्रमुख जिल्ला अधिकारी श्री दिनेश सागर भुसालले गरेको फैसला

**मुद्दा-: अभद्र व्यवहार ।**

**मि.नं.-२२ दायर मिति:-२०८१/०४/११**

**फैसला मितिः-२०८१/०४/३१**

**वादी**

**रोशनी साहको जाहेरीले**

**नेपाल सरकार..........................१**

**प्रतिवादी**

**जिल्ला पर्सा बीरगंज महानगरपालिका वडा नं. २१ सुखचैना बस्ने रामदेव साह तेलीको छोरा बर्ष २६ को पवन कुमार**

प्रस्तुत मुद्दा यस कार्यालयको क्षेत्राधिकार भित्र पर्ने भई यस मुद्दाका साक्षस तथ्य एव ठहर यस प्रकार छः-

**तथ्य-खण्ड**

१. प्रतिवादीले जाहेरवालीलाई गाली गलौज गर्दै हातपात समेत गरी अभद्र व्यवहार गरेको भन्ने जाहेरी दरखास्त.।

२. प्रतिवादीले जाहेरवालीलाई गाली गलौज गर्दै हातपात समेत गरी अभद्र व्यवहार गरेको भन्ने समेत व्यहोराको घटनास्थल मुचुल्का ।

३. मैले जाहेरवालीलाई गाली गलौज गर्दै हातपात समेत गरी अभद्र व्यवहार गरेकोले पक्राउ गरेको हो भन्ने प्रतिवादीको बयान कागज।

४. जाहेरवालीलाई गाली गलौज गर्दै हातपात समेत गरी अभद्र व्यवहार गरेकोले कानून बमोजिम कारवाही हुनु पर्छ भनि मौकामा बुझिएका शनी पासवान समेतको घटनाविवरण कागज।

५. जिल्ला सरकारी वकिल कार्यालय, पर्साको अभियोग पत्र ।

६. प्रतिवादी यस कार्यालयमा उपस्थित भई गरेको ईन्कारी बयान ।

७. वकपत्रका लागि उपस्थित गराउन जिल्ला प्रहरी कार्यालय पर्सालाई लेखिएको यस कार्यालयको पत्र।

८. जि.स.व.का.पर्सालाई पेशीको जानकारी भनी लेखिएको यस कार्यालयको पत्र।

**ठहर-खण्ड**

यसमा प्रतिवादीले ईन्कारी बयान गरेता पनि विपक्षी पवन कुमार साह र म जाहेरवाली बीच विवाह भई १ छोरीको जन्म भईसकेको छ, विपक्षी श्रीमानले छोरी पाएको तथा दाईजोमा जमिन नदिएको भनी दैनिक मलाई घरमा रहँदा बस्दा मुख छाडी अश्लिल अपशब्द प्रयोग गरी गाली गलौज गरी कुटपिट गर्दै आएको, दोश्रो बिवाह गर्छु भनी दैनिक मानसिक यातन दिएको, बिवाह भएको ६ बर्ष भई सक्दा समेत विपक्षी श्रीमानले बिवाह दर्ता, नागरिकता र छोरीको जन्म दर्ता समेत नबनाई दिएको ६ महिना पहिला विपक्षीले मलाई घरबाट निकाला गरेको हुँदा म माईती घरमा बस्दै आईरहेकोमा म जाहेरवाली र मेरो छोरी मिति २०८१।०४।०६ गते जिल्ला पर्सा बीरगंज म.न.पा. वडा नं.२१ स्थित घर कोठामा जाँदा विपक्षी श्रीमानले म लगाएत मेरो छोरी समेतलाई घरमा आएको भनी सुन्न नसकिने शब्द प्रयोग गरी गालीगलौज, लछार पछार तथा कुटपीट समेत गरी अभद्र व्यवहार गरेको भन्ने जाहेरी दरखास्त तथा घटनास्थल मुचुल्का, सोही व्यहोरालाई पुर्ण समर्थन हुने गरी मौकामा बुझिएका घटनाविवरणको साक्षीहरुले गरी दिएको कागज तथा अधिकार प्राप्त अधिकारी समक्ष यी प्रतिवादीले गरेको बयान समेतको आधारमा यी प्रतिवादीले मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(१) बमोजिम कसूर गरेको ठहर्छ। सो ठहर्नाले मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(२) बमोजिम प्रतिवादी पवन कुमार साहलाई कैद दिन ९, जरिवाना रु.१००००/- अक्षरेपी दस हजार मात्र र क्षतिपूर्ती शुल्क रु.४००/- अक्षरेपी चार सय मात्र ठहर्छ। अरुमा तपसिल बमोजिम गर्नु भनी यो फैसला गरिदिए।

**तपसिल खण्ड**

१.माथि इन्साफ खण्डमा लेखिए बमोजिम मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(१) बमोजिमको अपराधमा ऐ.संहिताको दफा ११८(२) बमोजीम प्रतिवादी पवन कुमार साहलाई ठहरेको कैद दिन ९ को हकमा निज मिति २०८१/०४/०६ देखि २०८१/०४/१४ सम्म हिरासतमा बसी कैद भुक्तान गरिसकेको र जरिवानाको हकमा र.नं.२४/२०८१/०४/१५ दाखिला गरेको धरौटी रकम रु.१०४००/- बाट जरिवाना रकम रु.१००००/- र क्षतिपूर्ती शुल्क रु.४००/- कट्टी गर्नु --------------------१

२. प्रस्तुत फैसलामा चित नबुझे ७० दिन भित्र पर्सा जिल्ला अदालत वीरगंजमा पुरावेदन गर्नुभनी प्रतिवादीलाई पुनरावेदनको म्यादिनु-१

३. फैसलाको जानकारी जिल्ला सरकारी वकिल कार्यालय पर्सालाई दिनु----------------------------------------------------------१

४. प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गर्नु र सरोकारवालाले फैसलाको नक्कल माँग गरेमा रितपुर्वक नक्कल दिनु-----------------------१

**दिनेश सागर भुसाल**

**प्रमुख जिल्ला अधिकारी**

ईति सम्बत् २०८१ श्रावण महिना ३१ गते विहीवार रोज ५/ ने.सं. ११४४ गुंलाध्व दशमी, शुभम् ........